# वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः ४ कागबेनी,मुस्ताङ, संख्याः १ मितिः२०८०/१२/२०

## भाग-१

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,मुस्ताङ

## आम्ची (सोवारिग्या) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०८०

प्रस्तावनाः

स्वस्थ जीवनयापन गर्न र बाच्न पाउने नागरिकको नैसर्गिक हक अधिकारलाई आत्मसाथ गर्दै, नागरिकको शारिरीक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ, स्वस्थ एंव सुरक्षित वातावरणमा गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवको आधारमा गरिने परम्परागत आम्ची (सोवारिग्पा) उपचार प्रतिको आदिवासी जनजाति र स्थानीय समुदायको आस्था, विश्वास र यसबाट प्राप्त हुने असररहित स्वास्थ्य लाभलाई व्यवस्थित, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न यस गाउँपालिकामा सदीयौंदेखी स्वास्थ्य उपचारका लागि अभ्यास एवं प्रचलनमा रहेको आदिवासी जनजातिको औषधी उपचार सम्बन्धी आदिम ज्ञान, सीप र अभ्यासको रूपमा रहेको आम्ची (सोवारिग्पा) उपचार पद्धती र परम्पराको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ र २२६ तथा सोही संविधानको अनुसूची ७ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको १९ औं गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा लागु हुनेछ ।

(३) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा परिभाषित भएका आदिवासी जनजातिलाई जनाउनेछ ।

(ख) "आम्ची (सोवारिग्पा) उपचार विधि" भन्नाले हिमाली क्षेत्रमा शदियौंदेखि अभ्यास र प्रचलनमा रहेको जडिबुटी, अन्य प्राकृतिक स्रोत र अकुपञ्चर विधिको समिश्रणबाट उपचार गरिने परम्परागत ज्ञान, सीप र अभ्यासलाई जनाउनेछ ।

(ग) आम्ची" भन्नाले आम्चीसम्बन्धी औपचारिक शिक्षा लिई वा परम्परागत ज्ञानमा आधारित भई सोवारिग्पा विधिबाट उपचार गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जनाउनेछ ।

(घ) "आम्ची (सोवारिग्पा) संरक्षण समिति" भन्नाले आम्ची (सोवारिग्पा) उपचार विधिलाई संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन, उत्थान, प्रोत्साहन, विकास र विस्तार गर्न दफा ५ बमोजिम वडा स्तरमा गठन हुने समितिलाई जनाउनेछ ।

(ङ) "ऐन" भन्नाले आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० लाई जनाउनेछ ।

(च) "कार्यपालिका" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

(छ) "गाउँपालिका" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकालाई जनाउनेछ ।

(ज) "गाउँपालिका क्षेत्र" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सम्पूर्ण भूभागलाई जनाउनेछ ।

(झ) परम्परागत ज्ञान, सीप र अभ्यास" भन्नाले जैविक विविधता र जडीबुटी लगायतका प्राकृतिक स्रोतको संरक्षण तथा दिगो उपयोग गर्न र परम्परागत जीवनशैलीलाई मूर्तरुप दिनका लागि आदिबासी जनजाति र स्थानीय समुदायले परापूर्वकालदेखि अवलम्बन गर्दै आएका परम्परागत ज्ञान, सीप र अभ्यासहरुलाई जनाउनेछ ।

(ञ) "प्रथाजनित नियम" भन्नाले आदिवासी जनजाति र स्थानीय समुदायले आफ्नो रितिरिवाज, धर्म, सस्कृति र परम्परा अनुसार आफ्नो हितका लागि सदीयौंदेखि अभ्यास गर्दै आएका नियमहरुलाई जनाउनेछ ।

(ट) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनाइका नियममा तोकिए बमोजिम जनाउनेछ ।

## परिच्छेद-२

## आम्ची (सोवारिग्पा) नियमन र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आम्ची प्रमाणपत्र लिनुपर्नेः** (१) आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहने आम्चीले सम्बन्धित संघ संस्था वा निकायबाट आम्चीको रुपमा स्वस्थ्य उपचार गर्ने योग्यताको प्रमाणपत्र लिएको हुनु पर्नेछ ।

तर विगत तीन पुस्तादेखि परम्परागत रुपमा आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य उपचार गर्दै आएको अभिलेख वा अभ्यास भएका परिवारका आम्ची र आम्ची (सोवारिग्पा) अभ्यासकर्ताबाट परम्परादेखि दिक्षीत भएका आम्चीले आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य उपचार गर्न त्यस्तो प्रमाणपत्र लिनुपर्ने छैन् ।

(२) उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांशमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि तीन पुस्तादेखि परम्परागत रुपमा आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य उपचार गर्दै आएको वा आम्ची (सोवारिग्पा) अभ्यासकर्ताबाट परम्परादेखि दिक्षीत भएको अभिलेख वा अभ्यास भएका परिवारका सदस्यहरूमध्ये परम्परागत आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य सेवा प्रदान गर्ने ज्ञान, सीपको निरन्तर अभ्यासमा नरहेको व्यक्तिले उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त नगरी आम्ची उपचार गर्न पाउँने छैन ।

**४. आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालन अनुमति लिनुपर्नेः** (१) गाउँकार्यपालिकाबाट निर्धारित मापदण्ड पुरा गरी कुनै आम्चीले गाउँपालिका क्षेत्रभित्र आम्ची (सोवारिग्पा) विधिबाट संस्थागत रुपमा निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाका माध्यमबाट स्वास्थ्य संस्था सञ्चालन गरी परम्परागत आम्ची (सोवारिग्पा) स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा त्यस्तो सेवा सञ्चालनका लागि गाउँकार्यपालिकाले देहाय बमोजिमका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजतपत्र दिन सक्नेछ :

(क) प्राथमिक आम्ची (सोवारिग्पा) उपचार केन्द्र

(ख) आम्ची (सोवारिग्पा) क्लिनिक

(ग) आम्ची (सोवारिग्या) औषधि पसल

(घ) आम्ची (सोवारिग्पा) सामुदायिक स्वास्थ्य केन्द्र

(ङ) आम्ची (सोवारिग्पा) पुनस्थानापना केन्द्र

(च) आम्ची (सोवारिग्या) योग केन्द्र

(छ) आम्ची औषधी उत्पादनसम्बन्धी लघुउद्यम

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका कार्यहरु एउटै संस्थाले गर्न पाउने गरी र खण्ड (ङ) र (च) बमोजिमका कार्यहरु एउटै संस्थाले गर्न पाउने गरी आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ता गर्न सकिनेछ ।

(३) इजाजतपत्र प्राप्त नगरी निजी वा गैरसरकारी आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाले आम्ची (सोवारिग्पा) उपचारसँग सम्बन्धीत कुनैपनि कार्य गर्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिमका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नविकरण गर्न गाउँकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(५) गाउँकार्यपालिकाले उपदफा (४) बमोजिम दिईने निवेदनको ढाँचा र तिर्नुपर्ने दस्तुर निर्धारण गर्न सक्नेछ ।

(६) औपचारिक शिक्षाका माध्यमबाट आम्चीको प्रमाणपत्र प्राप्त आम्चीको हकमा निजले आम्चिको प्रमाणपत्र प्राप्त गरी कुनै आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थामा तीन वर्षसम्म काम गरेको अनुभव प्राप्त गरेपछि मात्र आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ता गर्न पाउनेछ ।

(७) सोवारिग्पा विधिबाट स्वास्थ्य उपचार गर्नेगरी स्वास्थ्य संस्था दर्ता गर्नका लागि देहायका विवरणहरु उल्लेख गरी गाउँकार्यपालिकामा निवेदनमा दिनु पर्नेछः

(क) स्वास्थ्य सेवा प्रदान गर्ने आम्ची (सोवारिग्पा) उपचार दिने व्यक्ति वा संस्थाको नाम र ठेगाना

(ख) प्रदान गरिने स्वास्थ्य सेवा तथा उपचारहरुको विवरण

(ग) लगानी तथा आर्थिक स्रोत

(घ) आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थामा उपलब्ध हुन सक्ने सामग्री तथा औजारहरु

(ङ) प्रमाणपत्र प्राप्त वा अनुभव प्राप्त जनशक्ति ।

(८) उपदफा (७) बमोजिमको निवेदनका साथमा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) सोवारिग्पा विधिबाट स्वास्थ्य सेवा प्रदान गर्नका लागि कुनै औपचारिक शिक्षा वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

(ग) परम्परागत ज्ञानमा आधारित भए सो ज्ञानको अभिलेख र अनुभवको समय अवधि ।

(घ) संस्था दर्ता गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि ।

(९) उपदफा (७) बमोजिमको विवरण सहितको निवेदन र उपदफा (८) बमोजिमका कागजातहरु पेश हुन आएमा गाउँपालिकाको स्वस्थ्य सम्बन्धी समितिले निवेदन परेको पन्ध्र दिन भित्र आवश्यक अनुगमन गरी निर्धारित मापदण्ड पुरा गरे नगरेको आबश्यक अध्ययन गरी आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्नका लागि प्रशासकीय प्रमुख समक्ष पन्ध्र दिन भित्रमा सिफारिस गर्नुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको सिफारिसका आधारमा आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ता गरी इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा गाउँपालिकाको प्रशासकीय प्रमुखले सिफारिस प्राप्त भएको मितिले सात दिन भित्रमा आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ता गरी आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र प्रदान गर्नुपर्नेछ ।

(११) गाउँपालिकामा दर्ता भएका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाबाट स्वास्थ उपचार सेवा प्रदान गर्ने संस्था वा व्यक्तिहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले राखु पर्नेछ ।

(१२) कुनै कारणले आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिकाको क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा गाउँकार्यपालिकाबाट अनुमति लिनुपर्नेछ ।

**५. आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ताका लागि सिफारिस लिनुपर्नेः** गाउँपालिकाको क्षेत्रभित्र आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्ता गरी सञ्चालन गर्नका लागि गाउँकार्यपालिकाले आवश्यक परेमा सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ ।

## परिच्छेद-३

## आम्ची (सोवारिग्पा) संरक्षण समिति

**६. आम्ची (सोवारिरपा) संरक्षण समितिको गठनः** (१) गाउँपालिका क्षेत्रमा रहेका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालन गर्ने गरी दर्ता भएका संस्था वा व्यक्तिले आपसी समन्वय र सहकार्यका लागि गाउँपालिका स्तरमा आम्ची (सोवारिग्पा) संरक्षण समितिको गठन गर्न सक्नेछन्

(२) उपदफा (१) बमोजिमको समितिमा आम्ची (सोबारिग्पा) स्वास्थ्य संस्था सञ्चालनमा संलग्न संस्था वा व्यक्तिले छानेका देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु रहने छनः

(क) अध्यक्ष -१ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सचिव -१ जना

(घ) कोषाध्यक्ष -१ जना

(ङ) सदस्य -बढीमा ७ जना

(३) उपदफा (२) समितिका पदाधिकारीहरुको छनौट प्रक्रिया आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालनमा संलग्न संस्था वा व्यक्तिहरु आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) आम्ची (सोवारिग्पा) संरक्षण समितिका पदाधिकारीको पदावधि बढीमा पाँच वर्षको हुनेछ ।

**७. आम्ची (सोवारिग्पा) संरक्षण समितिको दर्ताः** (१) दफा ६ बमोजिमको समिति गठन भएपछि सोको दर्ताको लागि गाउँकार्यपालिकामा निवेदन दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा प्रशासकीय प्रमुखले अध्ययन गरी उक्त समिति दर्ता गर्न उपयुक्त देखिएमा दर्ता गरी निर्धारित ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(३) आम्ची (सोवारिग्पा) संरक्षण समितिको बैठक सञ्चालन सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) आम्धी (सोवारिग्पा) संरक्षण समितिको एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा प्राप्त गर्न सकिने आर्थिक सहयोग र कोषको सञ्चालन सम्बन्धी व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**८. आम्ची (सोवारिग्पा) संरक्षण समितिका कार्यहरुः** (१) आम्ची (सोवारिग्या) संरक्षण समितिले मुख्य रुपमा आम्ची (सोवारिग्पा) उपचार विधि र सेवाको विकास, विस्तार, प्रवर्द्धन र क्षमता विकासका कार्यहरु गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि आम्ची (सोवारिग्पा) संरक्षण समितिले गाउँपालिका, स्वास्थ्य सम्बन्धी सम्बन्धित निकाय, आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाहरू र अन्य सरोकारवालाहरुसँग परामर्श गरी देहायका विषयहरु समावेश गरी कार्ययोजना तर्जुमा गर्न सक्नेछः

(क) कार्ययोजना तयार गर्नुको लक्ष्य तथा उद्धेश्य र रणनीतिहरु ।

(ख) आम्ची (सोवारिग्पा) संरक्षण, विकास र विस्तार गर्न आवश्यक पर्ने कार्यहरुको विवरण ।

(ग) आम्ची (सोबारिग्पा) संरक्षण समितिले स्थानीय स्तरमा सञ्चालन गर्ने कार्यक्रमको विवरण।

(घ) कार्य योजना लागु गर्न आवश्यक पर्ने जनशक्ति र आर्थिक श्रोत ।

(ङ) संरक्षण क्षेत्रसम्बन्धी योजना अनुसार उपलब्ध हुन सक्ने सहयोगको विवरण ।

(च) अन्य आवश्यक विवरणहरु

(३) उपदफा (२) बमोजिम तयार भएको कार्ययोजना गाउँपालिकामा पेश गरी स्वीकृत गराई कार्यान्वयन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति भएको कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी आम्ची (सोवारिग्पा) संरक्षण समिति र आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाहरू र यस पेशामा संलग्नको हुनेछ र यसका लागि गाउँपालिकाले आफै वा अन्य संघ संस्था मार्फत आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) आम्ची (सोवारिग्पा) संरक्षण समितिले आम्ची सम्बन्धी आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाहरू तथा सञ्जालसँग समन्वय गर्ने, आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था दर्तामा सहजीकरण गरी दर्ता भएका (सोवारिग्पा) स्वास्थ्य संस्थाहरुको अभिलेख राखे र आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धी गर्न बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता कार्यहरु गर्न सक्नेछ ।

९. **जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नेः** (१) गाउँपालिकामा रहेको वन क्षेत्र, जडीबुटी क्षेत्र, झाडी बुट्यान क्षेत्र र खर्क क्षेत्रको हैसियत र क्षेत्रफल घट्न नदिई आम्ची (सोवारिग्पा) स्वास्थ्य उपचारसँग सम्बन्धित जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न गाउँपालिका र संरक्षण सम्बन्धी निकायहरूसँग समन्वय र सहकार्य गरी आम्ची (सोवारिग्पा) संरक्षण समितिले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका जडीबुटी र मानव स्वास्थ्यमा पर्ने गरेको असरलाई न्यूनिकरण गर्न समुदायस्तरमा जलवायु अनुकूलनका योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि गाउँपालिका, स्थानीय समुदाय र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ख) कुनैपनि वन तथा खर्कमा डढेलो लागि जडीबुटी नष्ट हुन लागेमा डढेलो निभाउन समुदाय परिचालन गर्ने तथा उक्त कार्यको लागि सम्बन्धित निकायको सहयोग लिने ।

(२) आम्ची (सोवारिग्पा) सेवालाई प्रभावकारी बनाउनका लागि जडीबुटी व्यवस्थापन र आम्ची शिक्षाको विकास हुनेगरी गाउँपालिकाले देहायका कार्यहरु गर्नेछः

(क) स्थानीय युवाहरुलाई जडीबुटी खेती र आम्ची (सोवारिग्पा) सेवामा संलग्न हुनका लागि उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको व्यवस्था गर्ने ।

(ख) आम्ची (सोवारिग्पा) सेवालाई विद्यालय शिक्षामा समावेश गराउन सहजीकरण गर्ने र आम्ची (सोवारिग्पा) सँग सम्बन्धित भाषाको संरक्षण गर्ने ।

(३) गाउँपालिका र विभिन्न संघ संस्था वा परियोजना तथा आयोजनाहरुले उपदफा (१) र (२) को विभिन्न खण्डहरुमा उल्लिखित कार्यहरु आम्ची (सोवारिग्पा) संरक्षण समितिमार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

# परिच्छेद - ४

## आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाको गुणस्तर र अनुगमन

**१०. गुणस्तर र पूर्वाधार मापदण्ड पुरा गर्नुपर्ने:** (१) गाउँपालिकाको क्षेत्रभित्रका सबै आम्ची (सोवारिग्या) स्वास्थ्य संस्थाहरूको लागि नेपाल सरकारले बनाएको स्वास्थ्य सेवा सम्बन्धी मापदण्डको अधिनमा रही परम्परागत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन गाउँपालिकाले आम्ची (सोवारिग्पा) स्वास्थ्य सेवा गुणस्तर मापदण्ड र आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था पूर्वाधार मापदण्ड सम्बन्धी निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमका मापदण्ड अनुरुप सेवाको गुणस्तर कायम गर्नु पर्नेछ ।

**११. अनुगमन गर्ने:** (१) गाउँ कार्यपालिकाको स्वास्थ्य सम्बन्धी समितिले यस ऐनको दफा ४ बमोजिम सञ्चालन अनुमति लिई गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था र परम्परागत रुपमा आम्ची (सोवारिग्पा) उपचार प्रदान गर्दै आएका सेवाको गुणस्तर लगायतका विषयमा वर्षको कम्तिमा एक पटक र आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम अनुगमन गर्दा विभिन्न निकायको सहयोग लिनुका साथै आम्ची (सोवारिग्पा) सम्बन्धी विज्ञता भएको वा अनुभवी व्यक्तिलाई सम्मिलित गराउनु गर्नेछ।

(३) अनुगमनका क्रममा आम्ची (सोवारिग्पा) सम्बन्धी पूर्वाधार तथा गुणस्तर मापदण्ड पालना नगरिएको पाईएमा अनुगमन गर्ने समितिले सोको प्रतिवेदन बनाई आवश्यकता अनुसार सम्बन्धित आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था बन्द गर्न वा सुधार गर्न वा कारबाहीका लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(४) अनुगमन तथा अनुसन्धानका आधारमा कुनै आम्ची (सोवारिग्पा) संस्थाले मापदण्डको पालना नगरेको कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा गाउँकार्यपालिकाले त्यस्तो आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थामा सुधारका लागि निर्देशन दिन वा बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै आम्ची (सोवारिग्पा) संस्था बन्द गर्ने निर्णय गर्नुपूर्व उक्त संस्थालाई आफ्नो भनाई पेश गर्नेगरी बढीमा १५ दिनको समय दिई सुनुवाईको मौका दिनुपर्नेछ ।

**१२. सेवा शुल्क निर्धारण र पुनरावलोकन:** (१) गाउँकार्यपालिकाले गाउँपालिका भित्रको आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाको सेवाशुल्क सम्बन्धी मापदण्ड बनाई अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए नभएको नियमित रुपमा अनुगमन गर्न सक्नेछ ।

(२) कुनै पनि आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थाले उपदफा (१) विपरित नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्नुपर्ने भएमा सोको आधार खुलाई गाउँकार्यपालिका समक्ष पूर्वजानकारी गराई अनुमति लिनु पर्नेछ।

## परिच्छेद-५

## कसूर र दण्ड सजाय सम्बन्धी व्यवस्था

**१३. कसूर गरेको मानिने:** (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ:

(क) दफा ४ बमोजिम इजाजतपत्र नलिई आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) आम्ची (सोवारिग्पा) स्वास्थ्य उपचार सेवा प्रदान गर्न ईन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थामा उपलब्ध हुने आधारभूत आम्ची (सोवारिग्पा) स्वास्थ्य सेवा तथा आकास्मिक उपचार नगरेमा,

(घ) सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरेमा,

(च) आम्ची (सोवारिग्पा) वा आम्ची (सोवारिग्पा) स्वास्थ्य संस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाहमा वाधा अडचन उत्पन्न गरेमा,

(छ) यो ऐन तथा यस ऐन अन्तर्गतको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि पालना नगरेमा,

(ज) यो ऐन तथा यस ऐन अन्तरगतको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधिमा गरिएका व्यवस्था विपरित कुनै कार्य गरेमा,

(२) कसैले उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) विपरितको कार्य गरेमा मुद्दा हेर्ने अधिकारीले दश हजार रूपैया सम्म जरिवना गर्न सक्नेछ ।

**१४. मुद्दा हेर्ने अधिकारीः** यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ ।

**१५. पुनरावेदनः** यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दामा न्यायिक समितिले गरेको निर्णयमा चित्त नबुझे उक्त निर्णय थाहा पाएको मितिले ३५ दिन भित्रमा जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-६

## विविध

**१६. अधिकार प्रत्यायोजन गर्न सक्नेः** भौगोलिक विकटताका कारण गाउँपालिकामा आवतजावत गर्न असुबिधा भएको अवस्थामा गाउँपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आम्ची (सोवारिग्पा) संरक्षण समितिलाई वा आम्ची र आम्चीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. पुरस्कृत गर्न सक्नेः** आम्ची (सोवारिग्पा) स्वास्थ्य सेवाको क्षेत्रमा उल्लेखनीय कार्य गरी योगदान गर्दै आएका निकाय, संस्था वा व्यक्तिलाई गाउँकार्यपालिकाले आवश्यक मापदण्ड बनाई पुरस्कृत गर्नेछ।

**१८. नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आचारसंहिता बनाई लागु गर्न सक्नेः** यो ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागु गर्न सक्नेछ।

**१९. बाधा, अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आईपरेमा सो फुकाउने अधिकार गाउँपालिकामा रहनेछ ।

**२०. बचाउँ तथा खारेजी र बाझिएमा गर्नेः** (१) यो ऐन लागु हुन भन्दा पहिले दर्ता भएका आम्ची सेवा प्रदान गर्ने संस्था वा व्यक्ति यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

**आज्ञाले,**

**होम बहादुर थापा मगर**

**प्रमुख प्रशासकीय अधिकृत**